हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरु अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १५३ पृष्ठ : ४ २०७७ पुस २० गते सोमबार (Monday 04 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

*सुशासन र जवाफदेहिता प्रवर्द्धनका लागि*

# सामुदायिक अंक पत्र विधि आवश्यक





**लहान ।** सुरक्षा र न्यायको सेवा प्रवाहमा सुधार ल्याउन र जवाफदेहिता प्रवर्द्धनका लागि सामुदायिक अंक पत्र विधि आवश्यक रहेको सरोकारवालाहरूले औल्याएका छन् ।

समग्र जन उत्थान केन्द्रले सञ्चालन गरेको सामुदायक अंक पत्र विधिको सामाजिक जाफदेहिता सम्वादले सिरहामा महत्वपूर्ण भूमिका खेलेको सरोकारवालाहरूले औल्याएका हुन । समग्र जन उत्थान केन्द्रले सिरहास्थित जिल्ला समन्वय समितिको सभा हलमा हालै गरेको सामुदायिक अंकपत्रको समीक्षा कार्यत्रmममा प्रदेश सभा सदस्य प्रमोद यादवले सामुदायिक अंक पत्र विधिको सामाजिक जवाफदेहिता सम्वादले सुशासन र आपसी जवाफदेहिता प्रवर्द्धन गर्ने उपयुक्त विधि लागेको बताउँदै सुरक्षा र न्यायका सेवा प्रवाहमा थप सुधार ल्याउन सेवा प्रदायकलाई कार्ययोजना बनाउन सहयोगी रहेकोले सबै सरोकारवलाले यो विधिलाई अवलम्न गर्नुपर्ने आवश्यकता औल्याए ।

सप्तरीको सुरूङ्गा नगरपालिका, राजविराज नगरपालिका, छिन्नमस्ता र राजगढ गाउँपालिका र सिरहाको सिरहा नगरपालिकामा हालै सम्पन्न सामुदायिक अंक पत्र विधिको समीक्षा कार्यत्रmममा सहभागीहरूले यो विधिले प्रहरी, न्यायिक समिति र समुदाय बीचको सम्बन्ध र सहकार्यलाई प्रगाढ बनाउनुको साथै विश्वासको वातावरण बलियो बनाउन सहयोग पुगेको अनुभव व्यक्ति गरेका छन् ।

यस्तै सप्तरीको सुरूङ्गा नगरपालिकाकी उपप्रमुख विन्दाकुमारी पासवानले सामुदायिक अंक पत्र विधिको सामाजिक जवाफदेहिता सम्वादले लैंगिक हिंसा प्रभावितलाई प्रहरी र न्यायिक समितिको सेवामा सहज पहुँच अभिवृद्धि गर्न सहयोग पुगेको बताइन । यस्तै राजविराजमा गरिएको कार्यत्रmममा राजविराज नगरपालिका उपप्रमुख साधना झाले सामुदायिक अंक पत्र विधिको सम्वादले सेवा प्रदायक र सेवाग्राहीबीचको सम्बन्धमा सुधार ल्याउनुको साथै आपसी जवाफदेहिता अभिवृद्धि भएको उल्लेख गरिन ।

लैगिक हिंसाको अवस्था तथा सुरक्षा र न्यायको अवस्था विश्लेषण गर्दै आवश्यकतामा आधारित कार्यत्रmमहरू तर्जुमा गरी प्रहरी र न्यायिक समितको सेवामा समुदायको सहज पहुँच अभिवृद्धि गर्ने उदेश्यले सहज परियोजनाद्धारा सामुदायिक अंक पत्र विधिको सामाजिक जावफदेहिता सम्वाद सहज परियोजना अन्तर्गत प्रयोग गरेको केन्द्रका कार्यत्रmम अधिकृत रामभरोसी महतोले

*बाँकी ३ पेजमा*

URGENTLY REQUIRED

Sales Boy: 2
Qualification:
SLC Pass + Driving Licence+ Motorbike Must

Counter Repersentative: 1
(Female Only)
Qualification:
SLC Pass
For Both Post Salary Negotiable

Contact:
Everest Digital, Lahan-7
+977-33-560998
+977-9852831999/9852832283

# किशोरी बलात्कृत

**लहान ।** घरमा एक्लै भएको मौका छोपी सिरहा गोलबजार नगरपालिका-१३ दुर्गापुरका एक किशोरीमाथि बलात्कार घटना भएको छ ।

घटना १६ गते भएपनि ढिलो गरी उजुरी आएको प्रहरीले जनाएको छ । घरमा कोही नभएको मौका छोपी गाउँकै युवक घरमा पसेर जबरजस्ती करणी गरेको प्रहरीले बताएको छ ।

इलाका प्रहरी कार्यालय गोलबजारले जबरजस्ती करणीको उजुरी आएको र घटनाको जानकारी पछि प्रहरीले आवश्यक प्रकृया पूरा गरेको जनाएको छ । घटनाबारे अनुसन्धान भईरहेको र घटनामा संलग्नको खोजी भईरहेको प्रहरीले जनाएको छ ।

आमा छोरी दुवैजना मावली गएपनि आमा कामविशेषले उतै बसेपछि छोरीमात्र घरमा रहेको मौका छोपी जबरजस्ती करणीको घटना भएको बताइएको छ ।







फ्रेन्डस मोडेल हसिपटल, लहान-8
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# 'गन्थन'

डा.शामरथ सिंह राई
*पूर्व क्याम्पस प्रमुख*
*राराताजब डिग्री कलेज*
*गोलबजार*



मानिस आफूलाई धेरै धेरै माया गर्ने सर्वश्रेष्ठ जातमा पर्दछ । आफ्नो 'मन'को भित्र के छ ? कस्तो छ ? के हुँदैछ ? के हुनु पर्ने हो ? के हुनुपर्ने होइन आदि तरंगहरू सागरमा बहाव आए झै तरंगित हुन्छन् । चाहे वस्तुले होस वा अन्य कारणले होस । ती तरंगितलाई सलबलाउन दिन उ चाहन्दैन । त्यो भित्र कौतुहलता, जिज्ञासा, निराशा आदि हुन्छन् ।

कहिले त सलबलाएको मन निर्माण गर्न कम्मर कस्छन् । यी सबको उदगम स्थल चाहे आर्थिक, सामाजिक, राजनैतिक, भौगोलिक अन्य हुन सक्दछन् । यी सबको कारण हुन्छन नै । यो नजरियामा निर्भर गर्दछ । कसैले बनाउने बालाको नजरिया हेर्छन भने कसैले पाठ्यमा आधारित नजरियाले हेर्छन त कसैले पढ्नेहरूको नजरियामा नै । कुरा धागो जस्तो जहाँपनि मोडिए पनि उदगम एउटै भएझैं 'मन' नै सर्वश्रेष्ठ ठहरिन्छ । जुन गाडीको बाहक बनी दिन्छ । चाहे सबै चिजहरू त्यस गाडीमा भएपनि यदी हाक्ने मानिस नभए, हिड्न, गुड्न सक्तैन । त्यस्तै हो त्यो 'मन' । अन्तस्करण, सर्वव्यापी मानवीय गुण जुन अन्य प्राणीमा विरलै पाइन्छ होला । अर्थात उसले आफ्नो मनको बगैचा हेर्न रूचाउँछ, सुन्दर ढंगले । त्यस स्थानबाट एउटा बोली प्रज्वलित हुन्छ जसलाई साहित्य भनिन्छ । यसलाई हजारौं रूखले हजारौं परिभाषा दिएका थिए/छन । दिई नै रहने छ । मनको आकृति परिवेशमा झल्किन्छ । अर्थात उठेर हेर्दा 'मन' भन्दा पर । समाजको दर्पण भन्ने गर्दछन् । 'मन' नै छैन भने हाम्रो समाजको कल्पना हुने पनि थिएन होला । तसर्थ भित्री मनको अभिव्यक्तलाई साहित्य भनेपनि हुन्छ ।यी साहित्यलाई आकारको नजरमा हेर्नेहरू धेरै धेरै भएपनि मोटो रूपमा यसरी लिंदा राम्रो होला झै लाग्छ । मानिसले आफ्नो निम्ती बनाएको अभिव्यक्ति भएकोले मानिसको प्रतिबिम्ब त यसमा हुनु नै पर्दछ । अन्यथा यसको जग हुँदैन । तसर्थ यसलाई पारखीहरूले चार भागमा छुट्टयाएका छन् । कविता, नाटक, निबन्ध र गद्य (सिनेमा) । मानिसको शरीरमा टाउँको, गर्दन, हात, खुट्टाले काम गरेझैं यी उपरेक्त अंगहरूले साहित्य माथि अंगलाई निर्देशित गर्दछन् । तर समय र परिस्थिती र जागरण एक अर्कासँग नङ र मासु झै गासिंएका हुन्छन् । प्राचीन, मध्यकालीन, आधुनिककालीनमा मानिसको जिज्ञासा र सिक्ने अठोटले समय र परिस्थितीलाई आफ्नो काबुमा पार्दो रहेछ । १७ औं शताब्दीमा मात्र बिगुल फुकेको बेकनको उदगार, १८ औं शताब्दीतिर आएर साहित्यले व्यक्तिको मन मात्र नभएर वस्तुपरक पनि हुन्छ भन्ने धारणा जागरण भयो । भौतिक परिस्थिती नै मनको आधारशिला बन्यो ।

एवं प्रकारले साहित्यको पनि कर्तव्य मानवमूलको आधारमा हुनपर्ने भनि उभार आए । र साहित्य त ती व्यक्तिको मात्र नभई बहुसंख्यकको संकल्पको द्योतक हो भनेर किटान गरियो । त्यत्तिमात्र कहाँ हो र पुन : मनलाई आधार मानेर साहित्यलाई प्रक्षेपण गर्न थालेका छन् । यसलाई प्रगतीवादीले वाहियात भन्दछन् भने मनोवादीले भने समयसापेक्ष भनेका छन् ।

एवं प्रकारले साहित्यले मानिसहरूको मानसिक, आर्थिक, सामाजिक, राजनैतिक हैसियतलाई हाम्रो सामू उभ्याएको छ । यदि साहित्य नहुने हो भने हामी कुन वंशबाट जन्म लियौं, कहाँ थयौं, कहाँको र कहाँ रहुला ? को समष्टिगतमा निचोड निकाल्न सक्ने अवस्था हुन्न । तसर्थ एकपल पनि चिम्ली दिने हो भने पशुभन्दा तलमा दर्ज हुन्छौ । प्राकृतिकका सर्वश्रेष्ठ हामलाई दिशा निर्देश गर्ने अनुपम हिरा, मोतीभन्दा किम्ती यही नै हो 'साहित्य' । यही धरातलले हामीले, हमीलाई संसार जगतलाई परिवर्तन गर्न सक्षम हुन्छौ ।

हाम्रो मन र मस्तिष्कको अथाह श्रोत नै साहित्य हो । मन र विचारमा वस्तुले गर्दा मत्तान्तरण हुन आउँछ । अथाह र थाहाको मात्रा पनि समयको अनुकुलतामा फरक आउँछ । 'मन'भन्दा माथी उठ्न नसक्नुको कारण ? यी अन्तरजालको सटिक उत्तर साहित्यबाट नै अवतरण हुन्छ । विस्थापित मानिस स्थापित हुन्छन् ।

क्रमश :

# बीपी, जीपी र कम्युनिस्ट

**जगत नेपाल**

यो साता राजनीतिमा चासो राख्ने धेरै नेपालीले बीपी कोइरालाको स्मरण गरे । सम्झने प्रसंग हो - राष्ट्रिय एकता तथा मेलमिलाप दिवस ।

पार्टीको आन्तरिक कलहका कारण प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पार्टीको करिब दुई तिहाइ बहुमत भएको संसद् भंग गरेर देशलाई संवैधानिक संकटतर्फ धकेलेकाले पनि यसपटक बीपीको विचार झनै सान्दर्भिक बन्न पुगेको हो । आजभन्दा ४४ वर्षअघि (२०३३ साल पुष १६ ) मुलुकको अस्तित्व संकटमा परेको विश्लेषण गर्दै आठ वर्ष लामो भारत निर्वासनबाट बीपी स्वदेश फर्किए ।

प्रजातन्त्रविरूद्ध 'कु' गरी (२०१७ साल पुष १ मा) आफूलाई (संसद्मा दुई तिहाई बहुमत प्राप्त पहिलो जननिर्वाचित प्रधानमन्त्री) जेल हाल्ने राजा (महेन्द्रका छोरा वीरेन्द्र) का उत्तराधिकारीसँग आफ्नो घाँटी जोडिएको अभिव्यक्ति उनले दिएका थिए । बीपीमाथि राजकाजसम्बन्धी आठ गम्भीर मुद्दा चलाइएको थियो । हरेक मुद्दामा मृत्युदण्ड हुनसक्थ्यो ।

त्यति बेला सिंगो दक्षिण एसियामा राजनीतिक अस्थिरता फैलिएको थियो । पाकिस्तानबाट छुट्टिएर स्वतन्त्र बंगलादेश बनेको थियो । सिक्किमलाई भारतमा विलय गराइएको थियो । दक्षिण एसियाली क्षेत्रमा तीव्र गतिमा विकसित राजनीतिक घटनाक्रमले नेपालको अस्तित्व समाप्त हुन सक्ने बीपीको विश्लेषण थियो । राष्ट्रियताको अघि प्रजातन्त्रको सबाल गौण हो, देश रहे राजनीति गरौंला । देशै नभए केका लागि राजनीति उनले भनेका थिए ।

तत्कालीन परिस्थितिको विश्लेषण गरेर बीपीले राजासँग मेलमिलापको हात अघि बढाए । त्यत्रो जोखिम उठाउने बीपीले किन कम्युनिस्टलाई विश्वास गरेनन् त ? जीवनभर उनले कम्युनिस्टसँग सहकार्य गर्न किन मानेनन् ?

कारण थियो - कम्युनिस्टहरूको अविश्वसनीय चरित्र । त्यसो त कुनै समय बीपी आफैं पनि मार्क्सवादी थिए । त्यो भारतमा अंग्रेज शासन हुँदाको कुरा थियो । राणा प्रधानमन्त्री चन्द्रशमशेरले देश निकाला गरेका कारण कोइराला परिवार पनि भारतमा निर्वासित थियो । बीपी बनारसमा पढ्दै थिए ।

तिनै ताका एकपटक पिता कृष्णप्रसादसँग रेलमा बम्बैसम्मको यात्रा गर्ने क्रममा बीपीले भारतीय कम्युनिस्ट पार्टीका महासचिव श्रीपद अमृत डाँगेसँग भेट्ने अवसर पाए । त्यही छोटो यात्राको प्रभावले उनी मार्क्सवादी बने । तर, कुरा मीठो गर्ने, सिद्धान्तविपरीत व्यवहार गर्ने, व्यक्तिगत लाभका लागि जस्तोसुकै कदम चाल्न नहिचकिचाउने कम्युनिस्ट नेताहरूको चरित्र देखेपछि उनले तिनको विचार र संगत त्यागे ।

भारतीय स्वतन्त्रता संग्राममा महात्मा गान्धी, जवाहलाल नेहरूलगायत राष्ट्रिय कांग्रेसका नेताहरूसँगै उनी पनि जेल परे ।

एकातिर कांग्रेस पार्टीका नेताहरू अंग्रेजविरूद्ध आन्दोलन गरेका कारण धमाधम जेल पर्दै थिए । अर्कोतिर स्वतन्त्रताको चर्को नारा लगाउने कम्युनिस्टहरू भने गोरासँगै मिलेर सुखसुविधा भोग गर्दै थिए ।

तिनताका कम्युनिस्टहरूले स्वतन्त्रता संग्राममा संलग्न नेताको विरोध त गरेनै महासचिव डाँगे आफू अंग्रेजहरूसँग मिलेर ठाँटसित बम्बैमा बसेका थिए । त्यस घटनाले बीपीको कम्युनिस्टप्रतिको मोह भंग भयो । कम्युनिस्ट विचारधारा छोडेपछि उनले जीवनपर्यन्त कम्युनिस्टसँग सहकार्य गर्न मानेनन् ।

बीपी भन्ने गर्थे - कम्युनिस्टहरूमाथि विश्वास गर्न सकिँदैन । उनीहरू कुरा एउटा गर्छन् भने काम अर्कै । कम्युनिस्टहरूबाट प्रजातन्त्रको रक्षा भएको इतिहास दुनियाँमा छैन ।

भारत अंग्रेजको उपनिवेशबाट मुक्त हुने वातावरण बन्दै गर्दा गान्धी, नेहरू, जयप्रकाश नारायण, डा. राममनोहर लोहियाजस्ता नेताहरूसँग संगत गर्न पाएका बीपी नेपाललाई राणाहरूको पञ्जाबाट मुक्त गर्ने विषयमा सोच्न थाले ।

नेपाली कांग्रेस पार्टीको स्थापना भयो । उनले २००७ को क्रान्तिको नेतृत्व गरे । त्यस बेला पनि कम्युनिस्टहरूले



राणालाई सहयोग पुग्ने भूमिका खेलेको बुझाइ बीपीको थियो ।

एक सय चारवर्ष लामो राणा शाहीको अन्त्य भएपछि पनि कम्युनिस्टहरूको भूमिका प्रजातन्त्रको स्थायित्वका पक्षमा देखिएन ।

व्यक्तिगतरूपमा भने बीपी कम्युनिस्टसहित सबै विपक्षीको उच्च सम्मान गर्थे । कतिसम्म भने २०१५ मा सम्पन्न देशकै पहिलो संसदीय निर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाइ बहुमत ल्यायो । बीपी मुलुकको पहिलो जननिर्वाचित प्रधानमन्त्री भए ।

एक सय नौ सदस्यीय संसद्मा ७३ स्थानमा जितेर प्रधानमन्त्री भएका थिए उनी । त्यो संसद्मा कम्युनिस्टहरूले चार स्थानमा मात्र जितेका थिए । पहिलो संसद्मा निर्वाचित कम्युनिस्ट सांसद कमलराज रेग्मीले लेखकलाई सुनाएका छन् - 'सार्वजनिक भाषणमा बीपी कम्युनिस्टहरूको चर्को आलोचना गर्नुहन्थ्यो । सैद्धान्तिकरूपमा घोर कम्युनिस्ट विरोधी भए पनि व्यक्तिगतरूपमा भने हामीलाई निक्कै सम्मान दिनुहुन्थ्यो । त्यति बेला हिजोआजजस्तो मोटरको जमाना थिएन । न त सार्वजनिक यातायातको सुविधा नै थियो । हामी हिंडेरै संसद् पुग्थ्यौं । सडकमा हिंडेको देखेपछि प्रधानमन्त्री मोटर रोकेर हामीलाई लिफ्ट दिनुहुन्थ्यो । म कैयौ पटक उहाँको मोटरमा सिंहदरबार गएको छु । बीपीको त्यो व्यवहार देखेर हामी छक्क पर्थ्यौं ।'

तिनै ताकाको कुरा हो बीपीले कम्युनिस्ट पार्टीको सदस्य रहेका मदनमणि दीक्षितलाई पत्रिका चलाउन मासिक छ सय रूपैयाँ सहयोग दिने गरेका थिए । यस सन्दर्भमा दीक्षितले लेखकसँग भनेका छन् - 'बीपीको सहयोग नभएको भए समीक्षा पत्रिकाको जन्म हुने थिएन । उहाँलाई थाहा थियो म कांग्रेसको समर्थक थिइन ।'

कांग्रेसको नेता भए पनि सबैलाई सम्मानका दृष्टिले हेर्थे र आफ्ना आलोचकलाई बढी सम्मान दिन्थे भन्ने यसै घटनाले पनि पुष्टि गर्छ ।

यस्तै एउटा प्रसंग पत्रकार भैरव रिसालले सुनाएका छन् - २०१५ सालको चुनावअघिको कुरा हो । बीपी कार्यक्रमको सिलसिलामा भक्तपुर पुगेका थिए ।

रिसाल त्यहीँ कम्युनिस्ट पार्टीको कार्यकर्ताका रूपमा सक्रिय थिए । बीपी आउने थाहा पाएपछि उनी पनि कार्यक्रम स्थलमा पुगे ।

रिसालले सम्झिए - 'बीपी कटुञ्जे जानु भएको थाहा पाएर म पनि गए । भुइँमा चकला ओछ्याएर बस्नुभएको थियो । उहाँ प्रजातान्त्रिक समाजवादको बारेका छलफल गर्दै हुनुहुन्थ्यो । मैले एकपछि अर्को प्रश्न गरेँ । रिसाउनु होला कि भन्ने लागेको थियो । तर, उल्टै मलाई नजिकै बोलाउनु भयो । त्यो बेला प्रश्न गरेका कारण मलाई चिन्न थाल्नुभयो र जहाँ भेट्दा पनि बोलाउनु हुन्थ्यो । आफ्नो आलोचना सुन्न रूचाउनुहुन्थ्यो ।' सहिद गंगालाल र नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालका कान्छा भाइ विजयलाल श्रेष्ठले पनि बीपीसँगको एउटा रोचक प्रसंग लेखकलाई सुनाएका छन् - 'बीपी प्रधानमन्त्री थिए । गणेशमान मन्त्री । दाइ गंगालालसँग प्रजापरिषद्मा सँगै राजनीति गरेको नाताले मेरो भाउजुले (सहिद गंगालाल पत्नी हसिना) गणेशमानजीलाई पटक पटक भेट्न बोलाउनु भयो । छोरालाई छात्रवृत्ति मिलाई दिनु हुन्छ कि भन्ने भाउजुको आशा थियो । गणशमानजीले 'आउँछु आउँछु' भने पनि साथीको भाइ पुष्पलाल मलाई छोडेर कम्युनिस्ट भयो भनेर भेट्न आउनु भएन । आजित भएर भाउजु बीपी कहाँ जानुभयो । काम पनि भयो । बीपी त्यति उदार हुनुहुन्थ्यो ।'

व्यक्तिगत सम्बन्ध जति राम्रो राखे पनि मूलधारका कम्युनिस्ट प्रजातन्त्रका हकमा इमानदार हुँदैनन् भन्ने बीपीको बुझाइ कायमै थियो ।

*बाँकी ४ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आ ँ नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । परिवारमा सुख सन्तोष छाउला । नयाँ कामको थालनी हुनेछ ।

**वृष** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ ।

**मिथुन**:- प्रणयसम्बन्ध र मनमा चञ्चलता बढ्ने समय छ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । आज सेयरको कारोबामा समेत फाईदा हुनेछ ।

**कर्कट** :- आज मन पर्ने वस्त्र, अलंकार आदि उपहार पाइने योग छ । विशिष्ट व्यक्तित्वसँग भेटघाट हुनेछ । पारिवारिक जमघटमा मन रमाउनेछ ।

**सिंह**:- दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । विशिष्ट व्यक्तिको साथ पाईनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । विद्या पनि बढ्नेछ ।

**कन्या** :- मनमा निरासा र शरीरमा आलस्य आउला । मनमा अविश्वाश उत्पन्न हुनेछ । प्रेममा मनमुटाव आउला । यात्रामा मालसामान हराउन सक्छ ।

**तुला** :- आज गरेको कार्यमा सफलता मिल्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । वैदेशिक क्षेत्रको अधूरो काम अघी बढ्नेछ ।

**वृश्चिक** :- आज सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु** :- दैनिक कार्यमा प्रगति हुनेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । अरूलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागमको हुनेछ ।

**मकर**:- आज महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । साना तिना समस्यामा अल्झिनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ ।

**कुम्भ**:- आज रमणीय र सुखद् यात्राको योग छ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला । प्रेम सम्बन्ध पनि कसिलो हुनेछ ।

**मिन** :- लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिनछ । ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

# कांग्रेसद्वारा आन्दोलनको कार्यक्रम घोषणा

## वडा तहसम्मै विरोध प्रदर्शन गर्ने

विघटित प्रतिनिधि सभाको प्रमुख विपक्ष दल नेपाली कांग्रेसले प्रतिनिधिसभा विघटनका विरूद्धमा आन्दोलनको कार्यक्रम गर्ने घोषणा गरेको छ ।

आइतबार बसेको केन्द्रीय समिति बैठकले पुस २५ देखि माघ ८ गतेसम्म निर्वाचन क्षेत्रदेखि वडा तहसम्मको विरोध प्रदर्शनको कार्यक्रम तय गरेको मुख्य सचिव कृष्णप्रसाद पौडेलद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा जनाए अनुसार कांग्रेसले पुस २५ गते देशभरका सम्पूर्ण प्रदेश सभाहरूमा विरोध प्रदर्शन गर्ने भएको छ ।

त्यसैगरी माघ ३ गते ७५३ वटै स्थानीय तहमा र माघ ८ गते देशभरका सबै वडामा प्रदर्शनको कार्यक्रम तय गरेको छ ।

नेपाली | कांग्रेस

केन्द्रीय कार्यालय

बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

पौष १९, २०७७

**प्रेस विज्ञप्ति**

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक सभापति शेरबहादुर देउवाको सभापतित्वमा केन्द्रीय कार्यालय, बीपी स्मृति भवन, बीपी नगर, ललितपुरमा आज बस्यो । बैठकको निर्णय देहाय बमोजिम रहेको छ ।

(१) के.पी. शर्मा ओली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको सरकारले गरेको प्रतिनिधिसभा विघटनको कदम अधिनायकवादी, सर्वसत्तावादी, निरंकुश र स्वेच्छाचारी चरित्रबाट उत्पन्न लोकतान्त्रिक मूल्य, मान्यता र संवैधानिक व्यवस्था प्रतिकुल बदनियतपूर्ण निन्दनिय कार्य हो भन्ने नेपाली कांग्रेसले प्रष्ट पारिसकेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान भत्काउने र मुलुकलाई अस्थिरता, अनिश्चितता, अराजकता र असफलतातर्फ लैजाने गम्भीर षडयन्त्रमूलक कार्य हो भन्ने हाम्रो ठहर छ ।

नेपाल कम्युनिष्ट पार्टीको के.पी. शर्मा ओली नेतृत्वको सरकारका कारण मुलुकमा उत्पन्न गम्भीर र असहज परिस्थितिमा नेपाली जनता सामु बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली र संविधानको संरक्षण गर्दै मुलुकलाई सही मार्गमा डोऱ्याउन नेपाली कांग्रेसले आफ्ना सबै प्रयत्न केन्द्रीत गरिरहेको छ ।

के.पी. शर्मा ओली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको सरकारले गरेको प्रतिनिधिसभा विघटनको असंवैधानिक र अलोकतान्त्रिक कदम, व्याप्त भ्रष्टाचार, कोभिड–१९ नियन्त्रण र व्यवस्थापनमा सरकारको असफलता र कुशासनको विरुद्ध जारी विरोध कार्यक्रमलाई अझ बढी प्रभावकारी र सशक्त बनाउनका लागि निम्नानुसारको थप कार्यक्रम घोषणा गरिएको छ –

(१) आगामी **पुस २५ गते शनिबार**का दिन ३३० प्रदेश सभा निर्वाचन क्षेत्रहरुमा विरोध प्रदर्शन एवं सभाको आयोजना गर्ने ।

(२) **माघ ३ गते शनिबार**का दिन देशैभरका ७५३ पालिकाहरुमा विरोध प्रदर्शन एवं सभाको आयोजना गर्ने ।

(३) **माघ ८ गते बिहीबार**का दिन देशैभरका ७५३ पालिकाहरुका ६,७४३ वडाहरुमा विरोध प्रदर्शन एवं सभाको आयोजना गर्ने ।

१

टेलिफोन: (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६

E-mail: info@nepalicongress.org, Internet Access: www.nepalicongress.org

## सामुदायिक ...

जानकारी दिए । सहज परियोजना अन्तरगत प्रयोग गरिएको सामुदायिक अंक पत्र विधिमा सुरक्षा र न्यायका सवालमा १० वटा सुचकहरू तयार गरी सुरक्षा र न्यायको सेवा प्रवाहलाई थप सुदृढ बनाउने पाटोहरूको चरणवद्ध रूपमा विश्लेषण गर्दै सुधारको लागि योजना बनाउँदै सहकार्यात्मक रूपमा योजना कार्यन्वयन गरिएको इन्टरनेशनल अलर्टका वरिष्ठ कार्यक्रम अधिकृत सरोज भुषालले जानकारी दिए ।

सुशासन र आपसी जवाफदेहिता प्रवर्द्धन गर्ने एउटा विधि रहको सामुदायिक अंक पत्र अन्तरगत पहिचान गरिएका सुचकहरूमा प्रहरीले नागरिक प्रति गर्ने व्यवहार, सेवा लिने सन्दर्भमा प्रभावितहरूमा उजुरी गर्ने आत्मविश्वासस्तर, अनुसन्धानमा समुदायको सहयोग लैंगिक हिसाको घटना सम्बोधनको अवस्था, न्यायिक समितिले विवाद समाधान गरेको अवस्था, प्रहरी, समुदाय र न्यायिक समितिबीचको सहकार्य लगायतका सुचकहरू रहेको इन्टरनशनल अलर्टका अर्का विरष्ठ कार्यक्रम अधिकृत महेन्द्र महतोले बताए । युकेएडको आर्थिक सहयोगमा भिएसओ नेपाल र इन्टरनेशनल अलर्टको साझेदारीमा समग्र जन उत्थान केन्द्र लहानले सञ्चालन गरेको सहज परियोजना अन्तरगत सप्तरीको सुरुङ्गा नगरपालिका, राजविराज नगरपालिका, छिन्नमस्ता गाउँपालिका, राजगढ गाउँपालिका र सिरहाको सिरहा नगरपालिकामा विभिन्न दुई चरणमा गरिएको सामुदायिक अंक पत्र विधिको सामाजिक जवाफदेहिता सम्वादको समीक्षा कार्यक्रम गरिएको कार्यक्रम अधिकृत रामभरोसी महतोले जानकारी दिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# बीपी, जीपी...

विसं २०१७ साल पुस १ गते राजाले जननिर्वाचित सरकार र संसद् भंग गरी मुलुकमा तानाशाही शासन सुरू गर्दा कम्युनिस्ट नेताहरूले आफ्ना समर्थकलाई दिपावली गर्न लगाए । त्यसपछिका दिनमा बीपीलाई विनापुर्जी आठ वर्ष जेल राखियो । छुटेपछि उनी आठ वर्ष भारत निर्वासनमा रहे । त्यो बेला कम्युनिस्टहरूले राजालाई नै साथ सहयोग दिए ।

त्यसैले पनि हुनसक्छ राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर स्वदेश फर्किंदा समेत उनले कम्युनिस्टमाथि विश्वास गरेनन् । बरू, प्रजातन्त्र समाप्त गरी आफूलाई जेल हाल्ने राजाका उत्तराधिकारीसँग सहयोगको हात अघि बढाए । राजासँग आफ्नो घाँटी जोडिएको अभिव्यक्ति दिए । त्यो बेला कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालले पञ्चायतविरूद्व मिलेर मिलेर आन्दोलन गर्न राखेको प्रस्ताव स्वीकार गरेनन् । उनी भन्ने गर्थे - तपाईंहरू आफ्नो हिसाबले आन्दोलन गर्नुस्, हामी आफ्नै बलमा गर्छौं । बरू एक अर्कालाई सहयोग गरौं । तर, तपाईंहरूसँग एउटै ब्यानरमा आन्दोलनमा जान म असमर्थ छु ।

नेपाली राजनीतिका कम्युनिस्टहरू कति फुटे र जुटे । उही नामका धेरै कम्युनिस्ट पार्टी, तिनका फरकफरक नेता कसलाई विश्वास गर्ने कसलाई नगर्ने भन्ने धारणा थियो बीपीको । त्यसैले एक अर्कालाई सहयोग गरे पनि कम्युनिस्टसँग सहकार्य नगर्ने अडानमा उनी कायमै रहे । बीपीको जीवनकालमा कम्युनिस्टहरूले प्रजातन्त्र बलियो बनाउने भूमिका खेलेनन् ।

विसं २०३७ सालमा भएको जनमत संग्रहमा पनि धेरै कम्युनिस्टहरूले बहुदल (निलो) विरूद्ध निलो सुधारिएको पञ्चायतका पक्षमा (पहेँलोमा) मत हाले । त्यसको तीन वर्ष पछि २०३९ साल साउन छ गते बीपीको निधन भइहाल्यो । दाजुको निधनपछि उनका कान्छा भाइ गिरिजाप्रसाद कोइराला कम्युनिस्टको घोर विरोधीका रूपमा नेपालको राजनीतिमा देखिए । नेपालका कम्युनिस्टहरू राजाको छत्रछायामा बसेर सत्ता कब्जा गर्ने दाउमा रहेको उनको ठम्याइ थियो ।

विसं २०४२ जेठ १८ गते विमर्श साप्ताहिकमा सत्याग्रहका सम्बन्धमा एउटा कार्टुन छापिएको थियो ।

त्यस कार्टुनमा एकातिर सत्याग्रहमा हामी पनि भाग लिन पाऊँ भनी कम्युनिस्ट नेताहरू मनमोहन अधिकारी, साहना प्रधानलगायतले अनुरोध गरेको अर्कोतिर गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला बसेको चित्रण गरिएको थियो । मनमोहनहरूलाई संकेत गर्दै कोइरालाले भन्दैछन् – ए नजिक नआओ छोइन्छ । कोइराला भन्ने गर्थे - सामम्यवादी व्यवस्था भनिने विचारधारा पनि तानाशाही भएको हुनाले म यसको कट्टर विरोधी हुँ ।

विसं २०४६ सालको जनआन्दोलनमा सर्वोच्च नेता गणेशमान सिंहले कम्युनिस्टहरूसँग सहकार्य गरे । संयुक्त जनआन्दोलनको बलमा तीस वर्षे पञ्चायती व्यवस्था अन्त्य भयो । विसं २०४७ जेठ २६ गते दोलखा सदरमुकाम चरिकोटमा आयोजित कांग्रेसको आमसभामा गिरिजाप्रसाद कोइरालाले माले, मशाले, मण्डले सबै सबै प्रतिक्रियावादी एकै भएको धारणा राखे ।

त्यही साल असार १० गते सिन्धुलीमा आयोजित सभामा उनले सभ्य मानिस कम्युनिस्ट हुँदैन भन्ने अभिव्यक्ति दिए ।

कट्टर कम्युनिस्ट विरोधी भएकै कारण देशका हरेक कुनामा पुग्दा कम्युनिस्ट र मण्डलेद्वारा उनको विरोध हुन्थ्यो । देशमा जहाँ पुग्यो त्यहीँ गिरिजाको विरोध हुन्थ्यो । कालो झन्डा, कालो फेटा र तुल देखाइन्थ्यो ।

कम्युनिस्ट विरोधीका रूपमा चिनिएकै कारण २०४८ सालको संसदीय निर्वाचनपछि कोइरालाको नेतृत्वमा बहुमतको सरकार गठन भएको २९ दिनमै निर्वाचित सरकारलाई सडक अन्दोलनबाट ढाल्ने खेल सुरू भयो । तत्कालीन प्रमुख विपक्षी दल नेकपा (एमाले)का नेताहरूकै प्रत्यक्ष संलग्नतामा कर्मचारी आन्दोलन चर्काइयो । प्रमुख प्रतिपक्षी दल एमालेले राजधानीका टेलिफोन बुथ जलाउने, रेलिङ भाँच्नेजस्ता काम गयो ।

लेखकसँगको अन्तवार्तामा कोइरालाले भनेका छन् - 'नेपालको राजनीतिमा मलाईसबैभन्दा बढी कालो झन्डा देखाइएको छ र यस्तो विरोधको शैली प्रयोग गर्नेमा कम्युनिस्ट नै बढी रहेका छन् । जीवनमा कति पटक कालो झन्डा देखाइयो देखाइयो ! मविरूद्ध मुर्दावादको नारा लाग्यो । त्यसले मलाई खासै असर पार्दैन । कालो झन्डा देखाउने अधिकार पनि प्रजातन्त्रले नै दिएको हो । आफैँलाई कालो झन्डा देखाउँदा पनि हामीले गरेको संघर्षबाटै प्राप्त अधिकारको जनताले उपभोग गरेका हुन् भन्नेजस्तो लाग्छ । तर, अर्काको कार्यक्रममा ढुंगामुढा गरेको भने मलाई पटक्कै मन पर्दैन ।'

कट्टर कम्युनिस्ट विरोधी छविका गिरिजाप्रसाद कोइरालाले दस वर्ष लामो सशस्त्र विद्रोहमा लागेका माओवादी (कम्युनिस्ट) लाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराए । यस प्रसंगका कोइरालाले लेखकसँग भनेका थिए - 'बीपीको राष्ट्रिय एकता तथा मेलमिलापको नीतिलाई आधार मानेर मैले माओवादीसँग वार्ताको हात अघि बढाएँ । प्रजातन्त्रवादीले गैरप्रजातन्त्रवादीलाई लोकतन्त्रको बाटोमा हिँडाउन उनीहरूको मन परिवर्तन गराउने रणनीतिमा जानुपर्छ भनेर आफ्नो छ दशक लामो राजनीतिक जीवनलाई दाउमा राखेर नै त्यो कदम चालेको हु ।' कोइरालाको नेतृत्वमा पहिलो पटक संविधान सभा निर्वाचनमात्र भएन २३८ वर्ष लामो राजसंस्थाको अन्त्य गरी मुलुकले गणतन्त्रतर्फको यात्रा सुरू गऱ्यो । तर, उनलाई माओवादी कम्युनिस्टले पूर्वसहमतिअनुसार राष्ट्रपति हुन भने दिएनन् ।

संयोगले यति बेला फेरि एकातिर कम्युनिस्टका कारण संविधान र लोकतान्त्रिक व्यवस्था संकटमा छ अर्कोतिर कांग्रेस नेतृत्व अलमलमा ।

बीपीले आफ्ना उत्तराधिकारी नेताहरूलाई भनेका थिए - मेरो अनुपस्थितिमा कुनै निर्णय लिन अप्ठेरो भयो भने एक मुठी माटो हातमा लिएर देश र जनतालाई सम्झिनु र निर्णय लिनु । समयक्रमले बीपीका अनुयायीहरूमा फेरि मुलुकको राजनीतिक रंगमञ्चमा निर्णायक भूमिका निर्वाह गर्ने दायित्व आइपरेको छ । यति बेला कांग्रेस नेतृत्वले लिने बाटाले नै मुलुक र लोकतन्त्रको मार्गचित्र निर्धारण गर्नेछ । कांग्रेस नेतृत्वलाई चेतना भया ! *बाह्रखरीबाट*

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर · जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ · राष्ट्रिय दैनिक · लहानपोस्ट् LAHANPOST DAILY

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)